# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५९४
इमेल: midsolu.hydropower@gmail.com वेबसाइट: www.midsoluhydropower.com.np

## साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला सम्बन्धी सूचना

मिड सोलु हाईड्रोपावर लिमिटेडले आफ्नो जारी पूँजी रु.७४,८४,००,०००/- को २०% अर्थात् १४,९६,८०० कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ । जस मध्ये स्वीकृत विवरणपत्र मार्फत जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१०० अंकित दरका ७,४८,४०० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि निष्काशन गरी बाँडफाँड गरिएको र जारी पूँजीको १०% अर्थात रु.७,४८,४०,०००/- रकम बराबरको रु.१००/- अंकित दरका ७,४८,४०० कित्ता शेयर मध्ये ७४,८४० कित्ता साधारण शेयर (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको १०%) नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुलाई समेत बाँडफाँड गरिएको, १४,९६८ कित्ता कर्मचारीहरुलाई (सर्वसाधारणमा निष्काशन गर्ने शेयरको २%) र ३७,४२० कित्ता (सर्वसाधारणको लागि छुट्याएको शेयरका ५%) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रु.६,२१,१७,२००/- (अक्षरेपी छ करोड एक्काईस लाख सत्र हजार दुई सय मात्र) रकम बराबरको रु. १०० अंकित दरका ६,२१,१७२ कित्ता साधारण शेयरहरु मिति २०८०/०५/१९ गते प्रकाशित आह्वान-पत्र अनुसार साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला मिति २०८० भाद्र २८ गते देखि सर्वसाधारणहरुमा गरिने उल्लेख गरिएकोमा नेपाल सरकारद्वारा मिति २०८० भाद्र २८ गते सार्वजनिक बिदा दिएको हुनाले उक्त साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला **आज मिति २०८० भाद्र २९ गते देखि** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।

| दरखास्त दिन पाउने न्यूनतम कित्ता : १० | दरखास्त दिन पाउने अधिकतम कित्ता : १०,००० |
|---|---|

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

| क्र.सं. | विवरण-पत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु : |
|---|---|
| १. | एन आई सी एशिया क्यापिटल लिमिटेड, ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, काठमाण्डौ । वेबसाइट www.nicasiacapital.com |
| २. | मिड सोलु हाईड्रोपावर लिमिटेड, बानेश्वर-३१, काठमाडौं । वेबसाइट www.midsoluhydropower.com.np |
| ३. | नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत हेर्न सकिनेछ । |

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान : |
|---|---|
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएसएण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

### साधारण शेयरको बिक्री खुल्ला अवधि

| | | |
|---|---|---|
| निष्काशन खुल्ला हुने मिति | : | २०८०/०५/२९ गतेदेखि |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | : | २०८०/०६/०२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) | : | २०८०/०६/१२ गते (बैंकिङ्ग समय पश्चात्) सम्म |

**कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :**

| विवरण | वास्तविक | | | *आ.व. २०७९/८० चैत्र मसान्तसम्मको | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७६/७७ | आ.व.०७७/७८ | आ.व.०७८/७९ | | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ |
| प्रति शेयर आम्दानी (रु.) | - | - | - | १.६५ | ४.०४ | १२.९४ | १४.५४ |
| प्रति शेयर नेटवर्थ (रु.) | १०० | १०० | १०० | १०१.६५ | १०४.०४ | ११६.९७ | १३१.५२ |
| संचित नाफा नोक्सान (रु.हजारमा) | - | - | - | ९,८८८ | ३०,२१५ | १२७,०२८ | २३५,८७० |

*व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

| | | |
|---|---|---|
| विद्युत परियोजनाको नाम | : | मध्य सोलु खोला जलविद्युत आयोजना। |
| आयोजनाको कुल उत्पादन क्षमता | : | ९.५ मेगावाट । |
| प्रति मेगावाट लागत सम्बन्धी विवरण | : | कम्पनीले प्रवर्धन गरेको मध्य सोलु खोला जलविद्युत आयोजनाको कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित प्रति मे.वा. रु.२१,९३,८५,६४५/०५ छ । तथा कूल लागत (IDC) सहित रु.२,०८,४१,६३,६२८/- रहेको छ । |
| विद्युत उत्पादन अनुमतिको बाँकी अवधि सम्बन्धी विवरण | : | मध्य सोलु खोला जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमति पत्र वहाल रहने अवधि मिति २०७७/०४/२२ देखि २११२/०४/२१ गतेसम्म रहेकोले ३२ वर्ष ६ महिना बाँकी रहेको छ । |
| शेयर पूँजीमा लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण | : | आयोजनाको लगानी फिर्ता हुने अवधि Simple Pay Back Period ६.९१ वर्ष र Discounted Pay Back Period १०.८७ वर्ष रहेको छ । |

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

स्वीकृत विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेडबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] BB+" (pronounced ICRA NP Issuer Rating Double B+) रेटिङ्ग प्राप्त गरेको छ। [ICRANP-IR] BB+" ले कम्पनीको वित्तीय दायित्व वहन गर्ने क्षमतामा औसत जोखिम (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ। ईक्रा नेपाल लिमिटेड ले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा ग्रेड [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ र [ICRANP-IR] D ले कमजोर आधार जनाउँदछ। दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ। रेटिङ्ग सम्बन्धी विवरण स्वीकृत विवरणपत्रको दफा २२ (ण) मा उल्लेख गरिएको छ।

इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः २०८०/०३/३१ | बहाल रहने अवधि २०८१/०३/२९

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८० भाद्र १९ गतेको "कारोबार"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट www.nicasiacapital.com, निष्काशनकर्ता कम्पनीको वेबसाइट www.midsoluhydropower.com.np अथवा नेपाल धितोपत्र बोडको वेबसाइटः www.sebon.gov.np मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com